# प्रदेश सरकार मन्त्रिपरिषद्ले सम्वत् २०७५ मंसिरदेखि चैंतसम्म गरेका निर्णयहरु

## सम्बत् २०७५ साल मंसिर १९ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. माटो तथा मल परिक्षण प्रयोगशाला राजविराजको अवधारणा पत्रको संरचना स्वीकृत गर्ने ।

२. प्रादेशिक दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक २०७५ को मस्यौदा स्वीकृत गर्ने ।

३. पशुपन्छी फार्म पूर्वाधार सुदृढीकरणको लागि अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्य विधि २०७५ स्वीकृत गर्ने ।

४. प्रादेशिक शिक्षा कार्यदलको गठन तथा यसको कार्य विवरण २०७५ को कार्य विवरण तथा गठन तथा नियूक्ती प्रकिया र कार्यदलको अध्यक्ष तथा सदस्यको सेवा सुविधा स्वीकृति प्रदान गर्ने ।

५. जिल्ला सर्लाही भक्तिपुरका नेशनल मेडिकल कलेज, वीरगंजमा एम.बि.बि.एस. अध्ययनरत श्री रुकेश कुमार राम, प्रमोद कुमार राम र सप्तरी छिन्नमस्ता गाउँपालिका वडा नं. २ का दिनेश कुमार मरिक डोमलाई आर्थिक अभावका कारण बिचमा अध्ययन छोडनु पर्ने अवस्था भएकोले निजहरुलाई चिकित्सा शिक्षा अध्ययनका लागि निरन्तरता दिन आवश्यक हुने रकम मध्ये रु ३,५०,०००।– (अक्षरुपी तिन लाख पचास हजार मात्र) का दरले प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सम्बन्धित मेडिकल कलेजमा उपलब्ध गराउने ।

## सम्बत् २०७५ साल मंसिर २८ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. माटो तथा मल परिक्षण प्रयोगशाला राजविराजको अवधारणा पत्रको संरचना स्वीकृत गर्ने ।

२. JCI Nepal को 45th National Convention 2018सञ्चालनको लागि २०७५।०७।१३ को प.सं. १४९/२०७५।०७६ को पत्रबाट आर्थिक सहयोग माग भएको आएकोमा रु ५,००,०००।- (अक्षरुपी पाँच लाख मात्र) आर्थिक सहयोग प्रदान गर्ने ।

३. मधेश आन्दोलनका घाइते जिल्ला सिराहा औरही गाउँपालिका वडा नं.२ का सुनिल महतोलाई मुख्यमन्त्री राहत कोषबाट रु १,००,०००।- (अक्षरुपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

४. मधेश आन्दोलनका घाइते जिल्ला सप्तरी हनुमाननगर कंकालिनीनगरपालिका वडा नं. १ का देव नारायण विश्वासलाई मुख्यमन्त्री राहत कोषबाट रु १,००,०००।- (अक्षरुपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

५. जिल्ला सर्लाही ब्रम्हपुरी गाउँपालिका वडा नं. ७ नौकेल्वाका गौतम कुमार यादवका छोरा धनिक लाल यादवको २०७५।०७।२१ गते लक्ष्मी पूजाको दिन बोलेरो जिप आगलागीमा परी मृत्यु भएकोमा मृतकका परिवारलाई मुख्यमन्त्री राहत कोषबाट रु २,००,०००।- (अक्षरुपी दुई लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

६. मधेश आन्दोलनका घाइते जिल्ला धनुषा नगराईन नगरपालिका वडा नं. ७ का राम जुलुम महरालाई मुख्यमन्त्री राहत कोषबाट रु १,००,०००।- (अक्षरुपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

७. जनकपुरधाममा आयोजना हुने मैथिली अन्तराष्ट्रिय सम्मेलनको लागि सहयोग स्वरुप रु ४,००,०००।– (अक्षरुपी चार लाख मात्र) सामाजिक विकास मन्त्रालय मार्फत उपलब्ध गराउने ।

**सम्बत् २०७५ साल पौष १७ गते मंगलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश नाम तथा राजधानी रहने स्थानका सम्बन्धमा गठित संवाद तथा सुझाव आयोगको म्याद, म्याद समाप्त भएको मितिले एक महिना थप गर्ने ।(मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)

२. गौशालाहरुको पूर्वाधार निर्माण तथा सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।(भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय)

३. प्रादेशिक शिक्षा कार्यदलको गठन तथा यसको कार्यविवरण (TOR) स्वीकृत गर्ने ।(सामाजिक विकास मन्त्रालय)

४. प्रदेश पर्यटन विधेयक, २०७५ को मस्यौदा तर्जुमाका लागी सैध्दान्तिक सहमति प्रदान गर्ने।(उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

५. प्रदेश उद्योग ब्यवस्थापन विधेयक, २०७५ को मस्यौदा तर्जुमाका लागी सैध्दान्तिक सहमति प्रदान गर्ने ।(उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

६. प्रदेश स्वास्थ्य सेवा सम्बन्धमा ब्यवस्था गर्न विधेयकको मस्यौदा तयार गर्न सैध्दान्तिक सहमति प्रदान गर्ने।।(सामाजिक विकास मन्त्रालय)

७. मा.मन्त्रीज्यूहरुको निवासमा बगैचा निरमाण तथा फूल विरुवा लगाएकोकामको मूल्याङ्कन गरी भूक्तानीको प्रबन्ध भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्ने।

८. नेपाल क्योक्शन बदोकाई करँाते संघको मिति २०७५/०८/१८ गतेको पत्रबाट आर्थिक सहयोग माग भई आएकोमा मुख्यमन्त्री राहत कोषबाट रु.५ लाख आर्थिक सहयोग प्रदान गर्ने।

९. भौतिक पूर्वाधार विकास मन्त्रालयकोजनता आवास कार्यक्रमको लागी कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने।

**सम्बत् २०७५ साल पौष १९ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक स्वीकृत गर्ने ।

२. मधेश आन्दोलनका सहिद परिवारलाई दुधालु गाई वा भैसी वितरण कार्यक्रम सञ्चालन कार्य विधि २०७५ स्वीकृत गर्ने ।

३. मधेश आन्दोलनका घाइते परिवारलाई दुधालु गाई वा भैसी वितरण कार्यक्रम सञ्चालन कार्य विधि २०७५ स्वीकृत गर्ने ।

४. स्वास्थ्य कार्यदलको गठन तथा यसको कार्य शर्त (TOR) तथा कार्य दलको सेवा सुविधा सम्बन्धमा स्वीकृति प्रदान गर्ने ।

५. प्रदेश विकास स्वयम सेवक परिचालन कार्य विधि २०७५ स्वीकृत गर्ने ।

६. २०७५ साल माघ १ गते माघी पर्वको अवसरमा प्रदेश २ मा सार्वजनिक विदा दिने ।

७. २०७५ साल माघ ५ गते मधेश आन्दोलन स्मृति दिवसको दिन प्रदेश २ मा सार्वजनिक विदा दिने ।

८. जानकी मन्दिर परिसरमा लगाइएका Air Conditionको संलग्न बिल बमोजिमको भूक्तानी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गर्ने ।

९. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सञ्चालन गरिएको कानूनी सहजकर्ता परिक्षाको नतिजा हाललाई स्थगित गर्ने ।

१०. नेपाल सरकारको निति २०७५।०९।०६ गतेको निर्णयानुसार प्राप्त भएको संघीयता कार्यान्वयन सहजीकरण कार्य योजना प्रदेश सरकारले कार्यान्वयन गर्ने ।

**सम्बत् २०७५ साल पौष २९ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. विशेष अनुदानका लागि आवश्यक रकम संघीय सरकार अर्थ मन्त्रालय सिंहदरबारमा प्रस्ताव पठाउन स्वीकृती प्रदान गर्ने ।

२. समपूरक अनुदानको लागि आवश्यक रकम संघीय सरकार अर्थ मन्त्रालय सिंहदरबारमा प्रस्ताव पठाउन स्वीकृती प्रदान गर्ने ।

३. प्रदेशको राजधानी तथा नामाकरणका सम्बन्धमा गठित संवाद तथा सुझाव आयोगको म्याद, म्याद समाप्त भएको मितिले १ महिना थप गर्ने ।

४. मा.आर्थिक मामिला तथा योजना मन्त्री र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव बीच आर्थिक मामिला तथा योजना मन्त्रालयमा मिति २०७५।०९।२९ गते भएको घटनाका सम्बन्धमा सत्य, तथ्य छानविन गरि कार्य प्रारम्भ गरेको मितिले ७ (सात) दिनभित्र माननिय मुख्यमन्त्रीज्यूमा प्रतिवेदन पेश गर्ने गरी देहायको छानबिन समिति गठन गर्ने ।

<u>तपसिलः</u>

| | |
|---|---|
| मा.आन्तरिक मामिला तथा कानून मन्त्री | संयोजक |
| प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| सचिव श्री हरि प्रसाद फुयाल,<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य सचिव |

- ❖ समितिले कार्यविधि आफै तयार गर्ने ।

- ❖ समितिका लागि आवश्यक आर्थिक तथा भौतिक सुविधा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराउने छ ।

५. श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले, प्रदेश नं.-२, जनकपुरधाम मातहतका जिल्ला स्थित कार्यालयहरुबाट गरिबी निवारणका लागि उद्यम विकास (MEDPA) अन्तर्गतका कार्यक्रम संचालन गर्न मिति २०७५।०८।०७ मा (प्रस्ताव) आव्हान/आशयपत्रको सूचना अनुसारका सम्पूर्ण प्रक्रियाहरु हाललाई स्थगित गर्ने ।

६. २०७४ साल फाल्गुन ३ गतेको पहिलो मन्त्रिपरिषद्को बैठकले मधेश आन्दोलनका सहिद, असक्त घाइते परिवारलाई एक परिवार एक रोजगार दिने निर्णय भए बमोजिम मधेश आन्दोलन स्मृति दिवसका दिन शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, वन तथा वातावरण, भौतिक पूर्वाधार, भूमि व्यवस्था, कृषि तथा सहकारी लगायतका सबै प्रादेशिक निकायहरुमा करार सेवामा रोजगारी उपलब्ध गराउने ।

७. मधेश आन्दोलनका शहिद तथा घाइतेहरुको यथार्थ विवरण संकलन गर्न मिति २०७५।०९।०५ को निर्णय (मा.मुख्यमन्त्रीस्तर) बमोजिम गठित समितिले दिएको प्रतिवेदन अनुसार घाइतेहरुको प्रमाणित वर्गीकरणका आधारमा देहाय बमोजिम रकम उपलब्ध गराउन आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मधेस आन्दोलनका शहिद परिवार र घाइते सहायता निर्देशिका, २०७५ बमोजिम राहत तथा क्षतिपूर्ति वितरण गर्ने ।

**सम्बत् २०७५ साल माघ ४ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. पशुपँछी व्यावसाय प्रवर्द्धन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने प्रस्ताव परिमार्जन गरी अर्को बैठकमा पेश गर्ने ।

२. मुख्यमन्त्री बेटी पढाउँ, बेटी बचाउँ कार्यक्रम अन्तर्गत छोरी शिक्षा बिमा कार्यक्रमको शुभारम्भ गर्न सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूलाई आमन्त्रण गर्ने ।

३. मिति २०७५।०९।२९ को ३९ औं मन्त्रिपरिषद्को बैठकबाट मा. आर्थिक मामिला तथा योजना मन्त्री र उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव बीच आर्थिक मामिला तथा योजना मन्त्रालयमा मिति २०७५।०९।२९ गते भएको घटनाका सम्बन्धमा सत्य, तथ्य छानविन गर्न गठित समितिमा निम्न अनुसार सदस्य थप गर्ने

<u>तपसिलः</u>

१. निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियन जिल्ला कार्य समिति, धनुषाका प्रतिनिधि १ (एक) जना ।

## सम्बत् २०७५ साल माघ २९ गते मंगलवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. प्रदेश सशर्त अनुदान सम्बन्धी कार्याविधि, २०७५ को दफा ७(ग) मा रहेको "तर रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत खर्च गर्न पाईने छैन" भन्ने वाक्यांस हटाई संशोधन गर्ने ।

२. प्रादेशिक सडक निर्माण, संभार तथा विस्तार गर्ने सम्बन्धमा बनेको "प्रादेशिक सडक ऐन, २०७५" को मस्यौदा स्वीकृत गर्ने ।

३. प्रदेश खेलकूद विकासको सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको सैद्धान्तिक सहमती प्रदान गर्ने ।

४. प्रदेश स्तरमा अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तीक सहमती प्रदान गर्ने ।

५. सूचना तथा सञ्चार सम्बन्धि विधेयकको सैद्धान्तिक सहमती प्रदान गर्ने ।

६. सामाजिक विकास मन्त्रालयबाट सरकारी, अर्ध सरकारी, गैर सरकारी संस्थालाई दिइने अनुदान निर्देशिका, २०७५ (पहिलो संशोधन)को स्वीकृति प्रदान गर्ने ।

७. वन ऐन, २०७५ को मस्यौदा स्वीकृत गर्ने सम्वन्धमा विधान समितिमा पठाई निर्णय भए वमोजिम गर्ने ।

८. सप्तरी जिल्लाको कञ्चनरुप नगरपालिकाको केन्द्र सार्ने सम्बन्धमा नगरपालिकाबाट सिफारिसको लागि लेखि आए वमोजिम केन्द्र सार्न संघीय सरकारमा सिफारिस गर्ने ।

९. हालसम्म संघ अन्तरगत संचालनमा रहेको सागरनाथ वन विकास परियोजना नेपालको संविधानको अनुसूची ६ को बुँदा नं. १९ अनुसार राष्ट्रिय वन प्रदेश सरकार अन्तरगत रहने व्यवस्था भएको हुँदा उक्त सागरनाथ वन विकास परियोजना प्रदेश सरकार प्रदेश नं. २ उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयले संचालन गर्न सहमतीका लागि अनुरोध गर्ने ।

१०. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त प्रदेश सशर्त अनुदान सम्वन्धी कार्यविधि, २०७५ को दफा ७(ग)मा रहेको रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत खर्च गर्ने पाइने छैन भन्ने वाक्याशं हटाई सम्शोधन गर्ने गरि स्वीकृत गर्ने प्रस्ताव पारित गर्ने ।

११. महोत्तरी जिल्ला क्षेत्र नं. १(ख)का सभासद मा. भरत प्रसाद साहको औषधी उपचारमा सहयोग वापत रु. ५,००,०००।- (रु. पाच लाख मात्र) उपरलब्ध गराउने ।

१२. नेपाल शिन क्योकुशिन कराते संघ विरगञ्जलाई रु. ४,००,०००.- (रु. चार लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

१३. सद्गुरु कबीर अनाथ बाल वात्सल्य आश्रम, जनकपुरधाम उ.म.न.पा.-८ लाई रु. ५,००,०००।- (रु. पाँच लाख मात्र) आर्थकि सहायता उपलब्ध गराउने ।

१४. मानव सेवा आश्रम विरगञ्ज, पर्सालाई रु. ५,००,०००।- (रु. पाँच लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

१५. रौतहट गरुडा स्थित बंशीराम जायसवाल अनाथालयलाई रु. ५,००,०००।- (रु. पाँच लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

१६. यूनाइटेड क्रिकेट क्लब, बिरगञ्ज पर्सालाई रु. ४,००,०००।- (रु. चार लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

१७. धनुषा जिल्ला लक्ष्मीनियाँ गाउँपालिका वार्ड नं. १ मा आयोजना हुने भगवानका २४ औ अवतार एवं यमयातनाका खुल्ला प्रदर्शन कार्यक्रमलाई रु. ५,००,०००।- (रु. पाँच लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

१८. मैथिली भाषा अन्तर्राष्ट्रिय सम्मेलन आयोजनाको लागि थप रु. १,००,०००।- (रु. एक लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

१९. महोत्तरी जिल्लाको साबिक भटौलिया गा.वि.स. वडा नं. ६ हाल एकडारा गा.पा. वडा नं. ६ वस्ने वृजलाल महरा, दुलारचन महरा, रामजिवन महराको कच्ची घर आगलागीमा परि नष्ट भएकोले प्रति परिवार रु. २५,०००।- (रु. पच्चीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

२०. जिल्ला बारा जितपुर सिमरा उ.म.न.पा. वडा नं. १० वस्ने प्रमेश्वर हजराको छोरी हिरामती देवी दुसाद आगलागीमा परी जलेकोले उपचार खर्चवापत आर्थिक सहायता स्वरुप रु. ३०,०००।- (रु. तीस हजार मात्र) उपलब्ध गराउने ।

२१. धनुषा जिल्लामा विद्युतको करेन्ट लागि मृत्यु भएका जिल्ला धनुषा मिथिला बिहारी नगरपालिकाका प्रमेश्वर मण्डल र जिल्ला सिरहा बिष्णुपुर गा.पा.का जगन्नाथ साहको परिवारलाई आर्थिक सहायता स्वरुप रु. एक/एक लाख उपलब्ध गराउने ।

२२. सिरहा जिल्लाका औरही गा.पा. ३ का मधेस आन्दोलनका घाइते देव नारायण विश्वासको उपचारको क्रममा मृत्यु भएकोले निजको परिवारलाई आर्थिक सहायता स्वरुप थप रु. तिन लाख उपलब्ध गराउने ।

२३. सप्तरी जिल्लाको हनुमाननगर कंकालिनी गा.पा.का. मधेश आन्दोलनका घाइते रामेश्वर मण्डललाई रु. १,००,०००।- (रु. एक लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

२४. बिरगञ्जमा हुने जेष्ठ नागरिक सम्मेलनको लागि रु. ३,००,०००।- (रु. तीन लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

२५. जेष्ठ नागरिक सरोकार समाज औरही सिरहालाई रु. ३,००,०००।- (रु. तीन लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

२६. पर्सा जिल्ला स्थित बालबालिकाको भरणपोषण तथा शिक्षा दिक्षाको लागि रु. ५,००,०००।- (रु. पाँच लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

२७. मैथली विकास कोष, जनकपुरधामबाट २०७५ फाल्गुन १८ गते देखी २३ गतेसम्म आयोजना हुने जनकपुर साहित्य-कला एवं अन्तर्राष्ट्रिय नाट्य महोत्सवको लागि रु. १०,००,०००।- (रु. दश लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

२८. सप्तरी जिल्ला तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ५ का मृतक रामकुमारी मुखियाको परिवारलाई आर्थिक सहायता स्वरुप रु. ३,००,०००।- (रु. तीन लाख मात्र) उपलब्ध गराउने ।

२९. सर्लाही जिल्लाको कडेना गा.पा.मा आयोजना हुन लागेको धार्मिक यज्ञका लागि रु. १,००,०००।- (रु. एक लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

३०. आन्तरिक मामिला तथा कानून मन्त्री मा. ज्ञानेन्द्र कुमार यादवले पछुवाको रुपमा २०७४/११/१६ देखि २०७५/०७/३० सम्म प्रयोग गर्नु भएको सवारीको भाडा वापतको रकम जम्मा रु. ५,७६,३००।- (रु. पाँच लाख छेहत्तर हजार तिन सय मात्र) भुक्तानीको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट लेखि आएकोमा उक्त रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भुक्तानी दिने ।

**सम्बत् २०७५ साल फागुन १२ गते आइतवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

२. प्रदेश सभाको बैठक अन्त्य गर्ने ।

३. सप्तरी जिल्लाको तिरहुत गा.पा. वडा नं. ५ मा भएको यज्ञको लागि रु. १ लाख आर्थिक सहयोग गर्ने ।

**सम्बत् २०७५ साल फागुन २४ गते शुक्रवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश प्रहरी कार्यालय, प्रदेश नं. २ लाई प्रदेश प्रहरी पूर्वाधार निर्माण एवं सुदृढीकरण कार्यक्रमका लागि अख्तियारी प्रदान गर्ने ।

२. प्रदेश प्रशासन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा स्वीकृत गर्ने प्रस्तावका सम्वन्धमा विधायन समितिवाट निर्णय भए वमोजिम गर्ने ।

३. प्रदेश विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

४. प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

५. प्रदेश सशर्त अनुदान रकम स्थानीय तहलाई बाँडफाँड गर्ने कार्यक्रम र बजेट (पाना थान-२२) परिमार्जन सहित स्वीकृत गर्ने ।

६. प्रदेश पर्यटन प्रबर्द्धन तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ मा सैद्धान्तिक सहमती प्रदान गर्ने ।

७. वन ऐन, २०७५ को मस्यौदा स्वीकृत गर्ने प्रस्तावका सम्वन्धमा विधायन समितिवाट निर्णय भए वमोजिम गर्ने ।

८. प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदा स्वीकृत गर्ने प्रस्तावका सम्वन्धमा विधायन समितिवाट निर्णय भए वमोजिम गर्ने ।

९. पर्यटन प्रवर्द्धन तथा व्यवसाय ऐन, २०७५ को मस्यौदा स्वीकृत गर्ने प्रस्तावका सम्वन्धमा विधायन समितिवाट निर्णय भए वमोजिम गर्ने ।

१०. नेपाल हिन्दी प्रतिष्ठानबाट मिति २०७५ चैत्र १६ र १७ गते जनकपुरधाममा आयोजितसम्मेलनको लागि रु. पाँच लाख आर्थिक सहयोग उपलब्ध गराउने ।

११. हालसम्म संघ अन्तरगत संचालनमा रहेको सागरनाथ वन विकास परियोजना नेपालको संविधानको अनुसूची ६ को बुँदा नं. १९ अनुसार राष्ट्रिय वन प्रदेश सरकार अन्तरगत रहने व्यवस्था भएको हुँदा उक्त सागरनाथ वन विकास परियोजनालाई यस प्रदेश सरकार अन्तरगत राखी संरक्षण र व्यवस्थापन गर्ने र सो को जानकारी संघीय सरकारमा गराउने ।

१२. सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूवाट मिति २०७५/११/०९ गते वीरगञ्जमा आयोजना गरिएको छोरी शिक्षा वीमा/मुद्दती बचत खाता सञ्चालनको शुभारम्भ कार्यक्रममा भएको खर्च रु. २५,१६,१०१।– (अक्षरेपी पच्चिस लाख सोह्र हजार एक सय एक) भुक्तानी दिने ।

१३. मधेश आन्दोलन स्मृति दिवसको उपलक्ष्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट २०७५/१०/०५ गते सिरहाको लहानमा आयोजना गरिएको कार्यक्रमको लागि मा. मुख्यमन्त्रीज्यूबाट मिति २०७५।११।०९ मा स्वीकति भएको खर्च रु. ८,८७,४८८ (अक्षरुपी आठ लाख सत्तासी हजार चार सय अठ्ठासी मात्र) अनुमोदन र भुक्तानी गर्ने ।

१४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय जनकपुरधामको च.नं. ६५२ मिति २०७५।११।२३ गतेको पत्रसाथ प्राप्त प्रदेश वन सुरक्षा क्याम्प स्थापना र सशस्त्र वन रक्षक ब्यवस्थापन गर्ने विषयको पत्रमा उल्लेख भई आए अनुसारको विषय कार्यान्वयन गर्ने ।

१५. मधेश आन्दोलनका घाइते सिरहा जिल्ला कविलासी गा.वि.स. वडा नं. ८ निवासी जयलाल राय यादवको आर्थिक अवस्था कमजोर भएकोले स्वास्थ्य उपचार खर्चको लागि सहयोग स्वरुप रु.१,००,०००।– (एक लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

**सम्बत् २०७५ साल फागुन २७ गते सोमवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. पशुपँछी व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वय कार्याविधि, २०७५ स्वीकृत गर्ने ।

२. कृषि यान्त्रिक अनुदान परिचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

३. प्राङ्गरिक मल अनुदान (प्रदेशस्तर) कार्याविधि, २०७५ स्वीकृत गर्ने ।

४. विपन्न, गरिव, कृषकहरुको लागि स्वरोजगार मूलक विशेष कार्यक्रम कार्यान्वयन कार्याविधि, २०७५ स्वीकृत गर्ने ।

५. बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।
६. आवश्यक सेवा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयकको मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।
७. दाइजो प्रथा उन्मुलन सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयकको मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।
८. चन्दा सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयकको मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।
९. अचल सम्पत्ति अधिग्रहण सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयकको मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।
१०. उपाधि, सम्मान तथा विभूषण सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयकको मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।
११. मुख्यन्यायाधिवक्ता श्री दिपेन्द्र झाको मिति २०७५।११।०२ देखी २०७५ फागुन ०४ गते सम्म अध्ययन तथा अवलोकनको क्रममा भारतमा भएको भ्रमणलाई अनुमोदन गर्ने ।
१२. प्रदेश एम.एम. रेडियो र टेलिभिजनको संचालन सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकको मस्यौदा स्वीकृत गर्ने ।
१३. प्रदेश सञ्चार सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकको मस्यौदा स्वीकृत गर्ने ।

**सम्बत् २०७५ साल चैंत ४ गते सोमवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश सभाको अधिवेशन २०७५ साल चैत्र महिनाको १४ गते विहिबार अपरान्ह ३.०० बजे आव्हान गर्ने ।कृषि यान्त्रिक अनुदान परिचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।
२. कानुन मस्यौदा तथा परिमार्जन समितिको मौजुदा संरचना हेरफेर तथा संशोधन सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।
३. "जग्गा प्राप्ति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने । प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ स्वीकृत गर्ने । (विधान समितिमा छलफल गरि निर्णय पठाउने)
४. द्धिपक्षीय सम्झौता (MOU) स्वीकृत गर्ने।( छलफल गरि अर्को बैठकमा राख्ने)
५. विविध ।
६. बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका हरि प्रसाद फुयाल मिति २०७५ साल चैत्र ५ गते देखि सरकारी सेवाबाट अनिवार्य अवकाश हुनु हुने भएकोले उहाँले प्रदेश सरकार संचालनमा पुर्‍याउनु भएको योगदानका लागि प्रदेश सरकारको तर्फबाट धन्यवाद दिने ।

७. जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं.१२ बस्ने आशा खातुन, र खुशी खातुनको महामारीको रुपमा फैलिएको हैजा तथा झाडापखाला रोगबाट मृत्यु भएकोले निजका (एक/एक लाख) आर्थिक सहयोग उपलब्ध गराउने ।

८. मधेश आन्दोलनको क्रममा मुक्ति नारायण यादवको ज.३.प.२९९१ नं. को १२५ सि.सि.को यामाहा मोटरसाइकल जली नष्ट भएकोले सम्बन्धित निकायको सिफारिसमा निजलाई रु.५०,०००।– (पचास हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

९. राष्ट्रिय एथलेटिक्स खेलाडी श्री अजित कुमार यादवले एथलेटिक्स खेलमा पुऱ्याएको योग्दान स्वरुप रु. ५,११,०००।– (पाँच लाख एघार हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

१०. प्रदेश नं. २ मा औद्योगिक वातावरण सहज सरल बनाई उद्योगीहरुलाई उद्योग स्थापना र प्रवर्द्धनमा प्रोत्साहित गर्न उद्योग स्थापनाको लागि जग्गा उपलब्ध गराउने, औद्योगिक सुरक्षाको प्रत्याभूति गर्ने, नेपाल विद्युत प्राविधिकरणको सहयोगमा नियमित विद्युत, आपूर्तिको व्यवस्था लगायत अन्य भौतिक पूर्वाधाको व्यवस्था गर्ने, उद्योगहरुमा बन्द, हडताल जस्ता गतिविधिहरु निषेध गर्ने र २० (विस) वर्षसम्म प्रदेश सरकारले लिने कर छुट दिने व्यवस्था गर्ने ।

**सम्बत् २०७५ साल चैंत १८ गते सोमवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश निजामती सेवाका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ को मस्यौदा गर्न सैद्धान्तिक सहमति माग गर्ने ।

२. सार्वजनिक खरिद सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गर्ने सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

३. २०७५ साल चैत्र १७ गते राती ८ बजेको समयमा बारा र पर्सा जिल्लाको विभिन्न स्थानमा भिषण हावाहुरीबाट मृत्यु भएका व्यक्तिका परिवारलाई प्रति परिवार रु ३,००,०००।- (अक्षरुपी तिन लाख मात्र) का दरले आर्थिक सहायता उपलब्ध गराउने ।

४. २०७५ साल चैत्र १७ गते राती ८ बजेको समयमा बारा र पर्सा जिल्लाको विभिन्न स्थानमा भिषण हावाहुरीबाट घाइते भएका व्यक्तिहरुको सम्पूर्ण उपचार खर्च प्रदेश सरकारले उपलब्ध गराउने ।

५. २०७५ साल चैत्र १७ गते राती ८ बजेको समयमा बारा र पर्सा जिल्लाको विभिन्न स्थानमा भिषण हावाहुरीबाट भएको क्षतिका सम्बन्धमा अध्ययन गरी तत्काल राहत तथा उद्धार उपलब्ध गराउने प्रयोजनका लागि तपसिल बमोजिमको राहत तथा उद्धार व्यवस्थापन उच्चस्तरीय समिति गठन गर्ने ।

## तपसिलः

| | | |
|---|---|---|
| माननीय मन्त्री श्री ज्ञानेन्द्र कुमार यादव | आन्तरिक मामिला तथा कानून | संयोजक |
| माननीय मन्त्री श्री राम नरेश राय | उद्योग, पर्यटन, वन तथा वातावरण | सदस्य |
| माननीय मन्त्री श्री नवल किशोर साह | सामाजिक विकास | सदस्य |
| मुख्यन्यायधिवक्ता श्री दीपेन्द्र झा | मुख्यन्यायधिवक्ताको कार्यालय | सदस्य |
| उप-सचिव (कानून) श्री अरुण कुमार झा | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य सचिव |

६. विपद व्यवस्थापन उद्धार, क्षतिपूर्ति, उपचार र तत्काल राहत उपलब्ध गराउने लगायतका कामका लागि संघीय सरकार, स्थानीय सरकार, सरोकारवाला, संघ संस्था लगायत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निजामती कर्मचारी लगायतलाई अव्हान गर्ननेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने।

७. भिषण हावाहुरीबाट मृत्यु भएका मृतक प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार प्रति संवेदनाको साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरियो ।

८. विपद व्यवस्थापनको लागि तत्काल औषधी, खाद्यान्न, त्रिपाल लगायतका राहतका सामग्रीहरु तथा तत्काल उपचार उपलब्ध गराउन जिल्ला देवी प्रकोप उद्धार समितिलाई क्रियाशिल गराई परिचालन गर्ने ।

९. विपद व्यवस्थापन उद्धार, क्षतिपूर्ति, उपचार र तत्काल राहत उपलब्ध गराउने लगायतका कामका लागि सहयोग उपलब्ध गराउन चाहने सरोकारवाला, संघ संस्था तथा सम्बद्ध निकायलाई मुख्यमन्त्री राहत कोषको खाता नं. १२२०५०३००००००० को राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, जनकपुरशाखामा सहयोग उपलब्ध गराउन अव्हान गर्ने ।

१०. प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.-२, जनकपुरधाम र सि.जि.इनर्जि इन्फ्रास्ट्रक्चर प्रा.लि. बिच मिति २०७५।१२।१६ गते सौर्य उर्जा परियोजना सर्वेक्षण तथा निर्माण सम्बन्धमा भएको फ्रेमवर्क सम्झौताको अनुमोदन गर्ने ।

११. 3rd SAHID CUP T20 CRICKET TOURNAMENT-2075 जनकपुरधाममा सम्पन्न हुने प्रतियोगिताको लागि सहयोग स्वरुप रु ७,००,०००।– (अक्षरुपी सात लाख मात्र) सामाजिक विकास मन्त्रालय, प्रदेश नं.-२, जनकपुरधामले उपलब्ध गराउने ।

१२. संघीय खेलकुद महासंघ, नेपाल, मधेश प्रदेश समितिको मिति २०७५।१२।२३ र २४ गते काठमाडौंमा हुने महाधिवेशनको सहयोगको लागि रु १,००,०००।– (अक्षरुपी एक लाख मात्र) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.-२, जनकपुरधामबाट उपलब्ध गराउने ।

१३. महोत्तरी जिल्ला स्थित जलेश्वरनाथ मन्दिरका लागि जेनेरेटर खरिद गर्न रु ५,००,०००।– (अक्षरुपी पाँच लाख मात्र) आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं.-२, जनकपुरधामबाट उपलब्ध गराउने ।

१४. आर्थिक मामिला तथा योजना मन्त्रीज्यू, आन्तरिक मामिला तथा कानून मन्त्रीज्यू, भूमि व्यवस्था र कृषि तथा सहकारी मन्त्रीज्यूको आवासमा गरिएको मर्मत सम्भार, बगैचा निर्माणमा लागत अनुसारको खर्चको भूक्तानी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं.-२, जनकपुरधामबाट गर्ने ।

१५. मधेश आन्दोलनको क्रममा मुक्ति नारायण यादवको ज.३.प.२९९१ नं. को १२५ सि.सि.को यामाहा मोटरसाइकल जली नष्ट भएकोले सम्बन्धित निकायको सिफारिसमा निजलाई थप रु. ५०,०००।– (अक्षरुपी पचास हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

१६. जिल्ला महोत्तरी पिपरा गाउँपालिका वडा नं.-७ का जेहेन्दार छात्रा बिना चौधरीलाई अध्ययनका लागि रु १,००,०००।– (अक्षरुपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

**सम्बत् २०७५ साल चैंत २४ गते आइतवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश स्तरमा २०७६ सालमा दिइने थप सार्वजनिक विदा र मनाइने उत्सव सम्वन्धी प्रस्तव प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

२. विकास समिति गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

३. कानून मस्यौदा तथा परिमार्जन समितिको गठन देहाय बमोजिम गर्नेः-

| | |
|---|---|
| सामाजिक विकास मन्त्री | -संयोजक |
| सामाजिक विकास राज्यमन्त्री | -सदस्य |
| सचिव सामाजिक विकास मन्त्रालय | -सदस्य |
| उप सचिव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| कानून महाशाखा प्रमुख आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| कानून अधिकृत सामाजिक विकास मन्त्रालय | -सदस्य सचिव |

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मस्यौदा भएको प्रदेश निजामती सेवाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा मस्यौदा स्वीकृतिको लागि लेखि पठाउने, सहमतिको लागि आर्थिक मामिला तथा कानुन मन्त्रालयमा पठाउने र प्रशासन तथा विधेयक समितिबाट निर्णय भए बमोजिम गर्ने ।

५. मिति २०७५ साल चैत्र १७ गते साँझ वारा र पर्सा जिल्लाको विभिन्न स्थानमा आएको भिषण हावाहुरीबाट मृत्यू भएका ब्यक्तिका परिवारलाइ मन्त्रिमण्डलका (मन्त्रीज्यू तथा राज्यमन्त्रीज्यू) सदस्यहरुवाट १ महिनाको पारिश्रमिक मूख्यमन्त्री सहायता कोषमा उपलब्ध गराउने ।

६. मिति २०७५ साल चैत्र १७ गते साँझ वारा र पर्सा जिल्लाको विभिन्न स्थानमा आएको भिषण हावाहुरीबाट मृत्यू भएका ब्यक्तिका परिवारलाइ किरिया खर्च वापत आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत रु.२५,०००।– उपलब्ध गराउने ।

७. मिति २०७५ साल चैत्र १७ गते साँझ वारा र पर्सा जिल्लाको विभिन्न स्थानमा आएको भिषण हावाहुरीबाट मृत्यू भएका ब्यक्तिको तेह्रौ दिनमा शोक मनाउन शोक दिन घोषणा गर्ने । उक्त दिन ११:०० वजे आम नागरिक, सरकारी कार्यालय, विद्यालय लगायत सार्वजनिक स्थानमा २ मिनेट मौन धारण गर्न आव्हान गर्ने ।

८. मिति २०७५ साल चैत्र महिनाको १७ गते साँझ वारा र पर्सा जिल्लाको विभिन्न स्थानमा आएको भिषण हावाहुरीबाट प्रभावित प्रत्येक गाउँमा खानेपानीको उचित ब्यवस्था गर्न आवस्यकता हेरी आवस्यक संख्यामा (चापाकल) निर्माण गर्ने ।

९. मिति २०७५ साल चैत्र १७ गते साँझ वारा र पर्सा जिल्लाको विभिन्न स्थानमा आएको भिषण हावाहुरीबाट प्रभावित प्रत्येक गाउँमा आवस्यकता अनुसार सार्वजनिक सौचालय निर्माण गर्ने र घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने।

१०. मिति २०७५ साल चैत्र १७ गते साँझ वारा र पर्सा जिल्लाको विभिन्न स्थानमा आएको भिषण हावाहुरीबाट प्रभावित प्रत्येक गाउँमा आवस्यकता अनुसार उज्यालोको उचित ब्यवस्था मिलाउने ।